# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

| खण्डः १ | संख्याः ११ | मितिः २०७८/०४/२० |
|---|---|---|

## भाग-२

## भरतपुर महानगरपालिका सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७७ (प्रथम संशोधन) २०७८

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

## सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) (प्रथम संशोधन) निर्देशिका, २०७७

५६ औँ नगर कार्यपालिका बैठकबाट पारित मिति: २०७८/०४/१८

प्रमाणिकरण मिति: २०७८/०४/२०

१. **निर्देशिकाको दफा १ लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छः**

**संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) (प्रथम संशोधन) निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **निर्देशिकाको परिच्छेद ७, विशेष व्यवस्थालाई देहाय बमोजिम हुनेगरी संशोधन गरिएको छः** परिच्छेद ७, विशेष व्यवस्था : यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी कोभिड १९ वा अन्य कुनै प्राकृतिक विपत्तिको कारण सिर्जित असामान्य परिस्थितिमा साधारणसभाको एकाइ बैठक, एकाइ प्रतिनिधिहरूको सभा व्यवस्थापन देहाय बमोजिम गर्न/गराउन सकिनेछ।

३. **निर्देशिकाको दफा ५९ लाई देहाय बमोजिम हुनेगरी संशोधन गरिएको छः** सहकारी संस्थाहरुले कोभिड १९ वा अन्य कुनै प्राकृतिक विपत्तिको कारण सिर्जित असामान्य परिस्थितिमा गर्ने साधारणसभा कार्यव्यवस्थाका सम्बन्धमा यसै निर्देशिका बमोजिम गर्न/गराउन सक्नेछन्।

४. **निर्देशिकाको दफा ६२ लाई देहाय बमोजिम हुनेगरी संशोधन गरिएको छः** एकाइ प्रतिनिधिहरूको सभाको लागि साधारणसभाको एकाइ वैठकहरूबाट चयन गरिने एकाइ प्रतिनिधिहरूको कुल संख्या सञ्चालकको जम्मा सङ्ख्याको दुई गुनाभन्दा बढी तर एकसय जना सदस्य संख्या ननाघ्ने गरी कायम गर्नुपर्नेछ। तर संस्थाको सदस्य संख्या धेरै भएको कारण एकाइ प्रतिनिधिहरूको संख्या एक सयभन्दा बढी भएको खण्डमा वा कोभिड १९ तथा अन्य कुनै प्राकृतिक विपत्तिको कारण सिर्जित असामान्य परिस्थितिमा सङ्क्रमण जोखिम न्यूनीकरणको लागि एकाइ प्रतिनिधिहरूको संख्या सञ्चालकको जम्मा सङ्ख्याको दुई गुनाभन्दा नघट्ने गरी कम गर्न आवश्यक भएमा प्रत्येक गाउँ, टोल, वडाको सदस्य संख्याको आधारमा क्षेत्रगत प्रतिनिधित्व सुनिश्चित हुनेगरी छनौट भएका एकाइ

प्रतिनिधिहरू मध्येबाट प्रजातान्त्रिक विधि मार्फत पुनः एकाइ प्रतिनिधिहरू छनौट गरिनेछ ।

५. **निर्देशिकाको दफा ६३ लाई देहाय बमोजिम हुनेगरी संशोधन गरिएको छ :** कोभिड १९ तथा अन्य कुनै प्राकृतिक विपत्तिको रोकथाम, नियन्त्रण र व्यवस्थापनको सिलसिलामा नेपाल सरकारद्वारा समय समयमा जारी गरिएको निर्देशनको कडाइको साथ पालना गर्नु गराउनुका अतिरिक्त साधारणसभाको एकाइ बैठक, एकाइ प्रतिनिधिहरूको सभा बस्ने स्थानमा अवलम्बन गर्नुपर्ने पूर्व सतर्कताका सम्पूर्ण उपायहरु अवलम्बन गर्ने गराउने सम्पूर्ण दायित्व संस्था संचालक समितिको हुनेछ ।

६. **निर्देशिकाको दफा ६५क देहाय बमोजिम हुनेगरी थप गरिएको छ:** यस निर्देशिका बमोजिम साधारण सभाको एकाइ बैठक, एकाइ प्रतिनिधिहरुको सभा सञ्चालन र व्यवस्थापन गर्न असुविधा भएमा सहकारी संस्थाले बढीमा १५(पन्ध्र) दिनसम्मको साधारण सभा सञ्चालन अवधि कायम राखी उपस्थिति पुस्तिका खुल्ला गर्न सक्नेछ | यसको लागि सदस्यहरुलाई १५(पन्ध्र) दिनभित्र साधारण सभामा छलफल हुने एजेण्डाहरुमा आफ्नो मत र सुझाव सहित हस्ताक्षर गर्नका लागि उपस्थित हुने समय र स्थानको जानकारी अग्रिम गराउनु पर्नेछ ।

७. **निर्देशिकाको दफा ६५ख देहाय बमोजिम हुनेगरी थप गरिएको छ :** दफा ६५क बमोजिम भएको साधारण सभामा प्राप्त सुझावहरु र बहुमतबाट पारित निर्णयहरु निर्णय पुस्तिकामा उतार गरी प्रमाणीकरण गर्नको लागि साधारणसभाको पहिलो दिनमा नै संचालक समितिको कुल संख्याभन्दा कम्तिमा एक जना बढी हुनेगरी प्रतिनिधिहरु चयन गर्नुपर्नेछ । साधारण सभा संचालनको अवधिमा सभामा प्राप्त सुझाव र निर्णयहरु निर्णय पुस्तिकामा उतार गरी प्रमाणीकरण गर्नको लागि प्रतिनिधि बस्न चाहने सदस्यहरुलाई यथासम्भव थप गर्दै लैजान सकिनेछ ।

८. **निर्देशिकाको दफा ६५ ग देहाय बमोजिम हुनेगरी थप गरिएको छ:** दफा ६५क बमोजिम भएको साधारण सभामा छलफल हुने एजेण्डाहरु सहितको प्रतिवेदन संस्थाको स्वीकृत विनियममा उल्लेखित समय सिमा भित्र र समय सिमा नतोकिएको अवस्थामा कम्तिमा ३(तिन) दिन अगाडी प्रत्येक सदस्यहरुले प्राप्त गर्ने गरी वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

९. **निर्देशिकाको दफा ६५ घ देहाय बमोजिम हुनेगरी थप गरिएको छ :** चालु आ.व. कै साधारण सभाबाट संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्नुपर्ने भएमा एकाइ बैठक/दफा ६५क बमोजिमको साधारण सभा अघिनै संचालक समितिको निर्णयबाट गठन भएको निर्वाचन उपसमितिले निर्वाचनका प्रक्रियाहरु पुरा गरेर उपयुक्त र प्रजातान्त्रिक विधि अपनाई उमेदवारहरुलाई एकाइ बैठक/दफा ६५क बमोजिमको साधारण सभामा सदस्यहरुबाट प्राप्त भएको कुल मत संख्या गणना गरी निर्वाचन परिणाम घोषणा गर्नुपर्नेछ ।

प्रमुख